# अवस्थान परीक्षण

## यस अनुशन्धानबारे छोटकरीमा जानकारी

पेटको रक्तस्रावको उपचारको लागि ट्रानिक्जामिक एसिड:
एउटा अन्तर्राष्ट्रिय अनियमनकृत द्वि पर्दा प्रायोगिक औषध नियन्त्रित परीक्षण

तपाईं (बिरामी) को पेटबाट चाँडो रोक्न आवश्यक भएको रक्तस्राव भएको छ । हामीले यस अस्पतालमा उपलब्ध गराउने रक्तस्रावको लागि सबै उपचारहरू उपलब्ध गराइने छ । यसको साथै हामी तपाँईले एउटा अध्ययनमा सहभागी हुनको लागि निमन्त्रणा दिन्छौ । यो अध्ययनले ट्रानेजामिक एसिड भनिने उपचारले पेटको रक्तस्रावलाई घटाउँछ कि घटाउँदैन भनेर हेर्नेछ । यस उपचारले अझ राम्रो गरेर निको पार्ने तर्फ डोर्याउनेछ भन्ने आशा लिएका छौं । यस उपचारले अन्य प्रकारको रक्तस्राव भएको मानिसहरूलाई मद्दत पुर्याउँछ भन्ने कुरा हामीलाई थाहा छ तर यसले पेटको रक्तस्रावमा मद्दत पुर्याउँछ कि पुर्याउँदैन भन्नेबारे हामीलाई अहिले सम्म थाहा छैन ।

यस अध्ययनमा आधा बिरामीहरूले अध्ययन उपचार (ट्रानेग्जामिक एसिड) पाउने छन् र आधाले एउटा कल्पित उपचार (एउटा प्रायोगिक औषध) पाउने छन् । यदि तपाईं यस अध्ययनमा सहभागी हुनु भयो भने तपाईं (बिरामी) ले सोझै अध्ययन उपचार वा प्रायोगिक औषध पाउनु हुनेछ । यो तपाईंलाई २४ घण्टा सम्म एक थोपाबाट दिइने छ । हामीले तपाईंको औषधि उपचारको अवस्थाबारे केही जानकारीहरू सङ्कलन गरेर त्यसलाई लण्डनको केन्द्रिय कार्यालयमा पठाउन पनि आवश्यक हुनेछ ।

यदि तपाईं हाम्रो अध्ययनको बारेमा अहिले अझ बढी जानकारी लिन चाहनु हुन्छ भने हामी तपाईंलाई बताउने छौं । तर अन्यथा यसबारे हामी तपाईंलाई अझ बढी कुरा पछि बताउने छौं ।

के तपाईं हामीसँग यस अध्ययन उपचारमा अगाडी बढ्न चाहनुहुन्छ ?

**हो, म अगाडि बढ्नको लागि तत्पर छु ।**

| ______________________ | ______________________ | ______________________ |
|---|---|---|
| बिरामी वा<br>प्रतिनिधिको नाम | मिति | हस्ताक्षर (यदि हस्ताक्षर गर्न नसक्ने भए<br>औठाको छाप वा अन्य चिन्ह) |

*[यो जानकारीलाई मौखिक रूपमा प्रस्तुत गर्न सकिने छ र शब्दश प्रयोग गर्न आवश्यक छैन । यसलाई प्रत्येक अवस्थामा अनुकूल पार्न सकिने छ र यसलाई मार्ग दर्शनको रूपमा प्रयोग गर्नको लागि उपलब्ध गराइएको छ । एउटा हस्ताक्षर गरिएको फाराम अनिवार्य छैन र यदि हस्ताक्षर गरिएको भए त्यसलाई एउटा वैद्य सु सुचित मन्जुरीनामाको रूपमा हेरिनु सकिने छैन ]*